स्वीकृत मिति -२०८३/०१/१४

# स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा

**(Local Disaster and Climate Resilience Framework-LDCRF)**

(आ.व.२०८२/८३ - आ.व.२०८६/८७)

परोहा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रौतहट, मधेश प्रदेश, नेपाल

२०८३




# प्रशासनिक नक्सा

## परोहा नगरपालिका, रौतहट, मधेश प्रदेश, नेपाल

२०८२/०२/२५



मानमाप - १:२३,०००
प्रक्षेपण प्रणाली: GCS WGS १९८४
Datum: WGS १९८४, Units: Degree

- राजधानी
- जिल्ला सदरमुकाम
- नगरपालिकाको कार्यालय
- वडा कार्यालय
- बजार क्षेत्र
- अन्तराष्ट्रिय सिमाना
- प्रादेशिक सिमाना
- जिल्ला सिमाना
- पालिका सिमाना
- वडा सिमाना
- राजमार्ग

यो नक्सा युरोपेली संघको आर्थिक सहयोग, मर्सी कोर्प्स नेपाल र आसमान नेपालको सह-वीत्तिय सहयोगमा युथ इनोभेसन ल्याबले कन्सोर्टियम रेस्टलेस डेभलपमेन्ट नेपाल, किएशन र सीडीएमएसको सहयोगमा सञ्चालन गरिरहेको "वातावरण तथा जलवायु अनुकुल विकासमा नेपाली युवा" परियोजनाको "क्लाइमेट फेलोशिप" अन्तर्गत तयार गरिएको हो।

डाटा स्रोत: सामुहिक छलफल, OSM, WFP तथा नापी विभाग।

पालिकाको प्रत्येक वडामा क्लाइमेट फेलो द्वारा संचालन सामुहिक छलफलमा समुदायले प्रशासनिक नक्सा तयार गरि पालिकाले प्रमाणीकरण गरेको हो।

यस नक्सामा प्रयोग गरिएका सामाग्रीहरुले युरोपेली संघको विचार प्रतिबिम्बित गर्दैन।

# नगरप्रमुखको सन्देश

नेपाल भूकम्प, बाडी, पहिरो, आगलागी, तातोहावाको लहर (लु), महामारी, हावाहुरी, चट्याङ, असिना, खडेरी, हिमताल बिस्फोट तथा हिमपहिरो जस्ता प्रकोपको उच्च जोखिममा रहेको छ । साथै जलवायु परिवर्तनका कारण पर्ने प्रतिकुल प्रभावबाट पनि नेपाल सम्बेदनशील अवस्थामा रहेको विधमान तथ्याङ्कले देखाएको छ । मधेश प्रदेश अन्तर्गत रौतहट जिल्लामा अवस्थित ९ वटा वडा रहेको परोहा नगरपालिका बिशेष गरि भूकम्प, बाडी, तातोहावाको लहर (लु), आगलागी, खडेरी, सडक दुर्घटना, बन्यजन्तु आक्रमण, हावाहुरी, चट्याङ, सर्पदंश, महामारी र असिना जस्ता प्रकोपको उच्च जोखिममा रहेको छ । विपद् व्यवस्थापनको कार्यलाई प्रभाबकारी बनाउने उद्देशयका साथ नगरपालिकामा नगर स्तरीय विपद् व्यवस्थापन समिती, वडा स्तरीय विपद् व्यवस्थापन समिती, समुदाय स्तरीय विपद् व्यवस्थापन समिती, वडा स्तरीय स्वयंसेवक समुहहरु समेत गठन गरी विपद् जोखिम न्यूनीकरण प्रयासहरु भईरहेको छन् ।

परोहा नगरपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्य ढांचा नेपालको संबिधान, स्थानीय सरकार संचालन ऐन २०७४, विपद्जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, विपद् तथा जलवायु परिवर्तन सम्बन्धि व्यवस्थाहरुको कार्यन्वयन गर्न विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५, राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६, वातावरण संरक्षण ऐन २०७६, राष्ट्रिय अनुकुलन योजना (सन् २०२१-२०५०), विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्य योजना (सन् २०१८-२०३०), १६ औं आवधिक योजना (आ.ब. २०८१/०८२-२०८५/०८६), स्थानीय अनुकुलन कार्य योजना खाका २०७६ लगायतका कानुनी तथा नीतिगत व्यवस्था रहेका छन् ।

स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्य ढांचा निर्माण निर्देशिका २०८१ अनुरुप सबै वडामा स्तरीय संकटासन्नाता तथा क्षमता विश्लेषण पश्चात् तर्जुमा भएको छ । यस योजनाको कार्यन्वयन, नगरपालिकाले पहिचान गरेको जोखिम न्यूनीकरणका लागि नगरपालिकाका सम्बन्धित समिती अन्तर्गत बन्ने बार्षिक तथा आवधिक योजनामा मूल प्रवाहीकरणका माध्यमबाट आगाडी बढाउनुका साथै छिमेकि नगरपालिकाहरू, जिल्ला स्थित बिषयगत कार्यालयहरु, प्रदेश सरकार, संघिय सरकार, विकास साझेदारहरुबाट सहयोग प्राप्त हुने अपेक्षा राखेको छु । सबै साझेदार निकायलाई विकासका परियोजनाहरु संचालन गर्दा विकासका बिषयगत क्षेत्रमा विपद् जोखिम व्यवस्थापनका बिषयहरुलाई मूल प्रवाहीकरण गरिदिनु हुन आग्रह समेत गर्दछु ।

यस कार्य ढांचा निर्माणका लागि आर्थिक तथा प्राबिधिक सहयोग गर्नु हुने आसमान नेपाल र मर्सी कोर नेपालको साझेदारीमा संचालित जलवायु उत्थानशील समुदाय (CRC) कार्यक्रम र नगरपालिकाका तर्फबाट महत्वपुर्ण भूमिका निर्वाह गर्ने विपद् व्यवस्थापन फोकल पर्सन तथा सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु । साथै, क्षेत्रगत विकास योजना निर्माण प्रक्रियामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई मूल प्रवाहीकरण गरि उत्थानशील नगर विकास प्रवर्धनका लागि परोहा नगरपालिकाको नेतृत्वमा निर्माण भएको यो कार्य ढांचामा सक्रिय हुनुभएका समुदाय, वडा तथा नगर स्तरीय विपद् व्यवस्थापन समिती, वातावरण तथा विपद् समिती, बौद्धिक समुदाय, सुरक्षा निकाय, राजनैतिक दल तथा सरोकारवाला निकाय प्रति कृतज्ञता ज्ञापन गर्दछु । अन्तयमा, यहाँहरु सबैको साथ र सहयोगले परोहा नगरपालिकालाई जलवायुमैत्री र विपद् उत्थानशील नगरपालिकाका रुपमा विकास गर्न सहयोग पुग्ने भएकाले निरन्तर सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद !

शेख वकील
नगर प्रमुख

# विषय-सूची

नगर प्रमुखको भनाई ........................................................................................................................................1

.........................................................................................................................................................................

परिच्छेद १ - परिचय..........................................................................................................................................2

१.१ पृष्ठभूमि.......................................................................................................................................................2

१.२ विद्यमान नीतिगत तथा कानूनी व्यवस्था, योजना र मापदण्डहरू............................................................2

१.३ कार्यढाँचाको उद्देश्य.....................................................................................................................................3

परिच्छेद २ - विपद् जोखिमको बुझाई..................................................................................................................4

२.१ परोहा नगरपालिकाको सामान्य विवरण........................................................................................................4

२.१.१ भौतिक अवस्था...........................................................................................................................................4

२.१.२ सामाजिक अवस्था........................................................................................................................................7

२.२ प्रकोप, सम्मुखता, संकटासन्नता, क्षमता र जोखिम विश्लेषण ................................................................ 112

२.२.१ प्रकोप विश्लेषण र लक्षित प्रकोप निर्धारण...................................................................................................11

२.२.२ सम्मुखता एवं संकटासन्नता विश्लेषण..........................................................................................................21

२.२.३ स्रोत तथा क्षमता विश्लेषण............................................................................................................................23

२.२.४ जोखिम विश्लेषण ..........................................................................................................................................32

परिच्छेद ३ - विपद् तथा जलवायु उत्थानशील योजना..........................................................................................35

३.१ सोंच, लक्ष्य र रणनीति ................................................................................................................................. 35

३.२ विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशीलताका उपायहरू ............................................................ 35

३.२.१ प्राथमिकता प्राप्त क्षेत्र १ - विपद् तथा जलवायु परिवर्तन सम्बन्धी जोखिमको बुझाई ...............................35

३.२.२ प्राथमिकता प्राप्त क्षेत्र २ - विपद् तथा जलवायुजन्य जोखिम व्यवस्थापनका लागि शासकीय पद्धतिको सुदृढीकरण...........................................................................................................................................................37

३.२.३ प्राथमिकता प्राप्त क्षेत्र ३ - उत्थानशीलता वृद्धिका लागि विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरणमा निजी तथा सार्वजनिक लगानी.........................................................................................................................................38

३.२.४ प्राथमिकता प्राप्त क्षेत्र ४ - पूर्वकार्य तथा प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारीको सुदृढीकरण .......41

३.२.५ प्राथमिकता प्राप्त क्षेत्र ५ - पुनर्लाभ, पुनर्स्थापना र पुनर्निर्माणमा अझ राम्रो र बलियो निर्माण.....................43

३.२.६ प्राथमिकता प्राप्त क्षेत्र ६ - तालिम र क्षमता अभिवृद्धि ..................................................................................43

३.२.७ प्राथमिकता प्राप्त क्षेत्र ७ - विपद् जोखिम हस्तान्तरण र वित्तीय व्यवस्थापन..........................................44

परिच्छेद ४ - बजेट विनियोजन र विकास योजनामा मूलप्रवाहीकरण .................................................................45

४.१ स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि लगानीको न्यूनतम लक्ष्य............................ 45

४.१.१ सरोकारवाला निकायसँग समन्वय ...................................................................................................................45

४.१.२ स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन लगानी बजेट ........ 45
४.२ आवधिक र वार्षिक विकास योजनामा मूलप्रवाहीकरण ........ 45
४.२.१ विपद् व्यवस्थापन कोष ........ 45
४.२.२ आवधिक/वार्षिक बजेटमा मूलप्रवाहीकरण ........ 45
परिच्छेद ५ - कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन ........ 45
५.१ योजनाको कार्यान्वयन ........ 45
५.२ अनुगमन तथा मूल्याङ्कन ........ 45
५.३ समीक्षा र परिमार्जन ........ 45
अनुसूचीहरू ........ 46

# स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा

## परिच्छेद १ - परिचय

### १.१ पृष्ठभूमि

परोहा नगरपालिका जलवायुजन्य प्रकोप लगायत विभिन्न प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपहरू (जस्तैः बाढी, आगलागी, सडक दुर्घटना, खडेरी, जनावर आतङ्क, भू-कम्प, आदि) को कारण जोखिममा रहेको छ। विगत ३० वर्षको विपदजन्य घटनाहरूलाई हेर्दा यी प्रकोपहरूले मानवीय, भौतिक, आर्थिक सहित अन्य महत्वपूर्ण सम्पत्तिहरूमा हानिनोक्सानी गरेको छ। मुख्यतया, बाढीले यस नगरपालिकामा धेरै पटक र बढी क्षति गरेको छ। त्यसैगरी, बाढी, शीत लहर र सडक दुर्घटनाको कारण धेरैले ज्यान गुमाएका छन्। वर्षेनी खडेरी हुनुको साथसाथै तातो हावाको लहर (लू) ले समेत क्षति पुर्याईरहेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, दफा ११, उपदफा (२) खण्ड (न) विपद् व्यवस्थापन र यस नगरपालिकाको "स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको विधेयक, २०८०" मा गरेको व्यवस्था बमोजिम यो कार्यढाँचा तयार गरिएको छ। यो कार्यढाँचा तयार गर्दा "स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा दिग्दर्शन, २०८१ लाई आत्मसात गरिएको छ।

### १.२ विद्यमान नीतिगत तथा कानूनी व्यवस्था, योजना र मापदण्डहरू

राष्ट्रिय अर्थात संघीय तह, प्रदेश र स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनका लागि विभिन्न कानूनी तथा नीतिगत व्यवस्थाहरू रहेका छन्। ती दस्तावेजहरूलाई तल प्रस्तुत गरिएको छ।

**संघीय तह**

(क) शीतलहर राहत मापदण्ड, २०६९
(ख) खोज तथा उद्धार राष्ट्रिय रणनीतिक कार्ययोजना, २०७१
(ग) विपद् लेखाजोखा मागदर्शन -२०७२ को प्रारम्भिक द्रुत लेखाजोखा [Initial Rapid Assessment (IRA)] खण्ड
(घ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (संशोधन सहित)
(ङ) विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५
(च) विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-२०३०), २०७५
(छ) राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६
(ज) संघ, प्रदेश तथा स्थानीय तह (समन्वय तथा अन्तर्सम्बन्ध) ऐन, २०७७
(झ) विपद् पीडित उद्धार र राहत सम्बन्धी (सातौं संशोधन) मापदण्ड, २०७७
(ञ) सम्भावित शीतलहर तथा हिमपात विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य मार्गदर्शन, २०७७
(ट) स्वयंसेवक व्युरो गठन तथा परिचालन कार्यविधि, २०७८
(ठ) विपद् जोखिमका लागि वित्तीय व्यवस्थापन राष्ट्रिय रणनीति, २०७८
(ड) बर्ड फ्लु राहत मापदण्ड, २०७९
(ढ) विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९
(ण) स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा दिग्दर्शन, २०८१
(त) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा लैंगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण रणनीतिक कार्ययोजना, २०८१
(थ) तातो हावाको लहर "लू" (Heat Wave) बाट बच्ने उपाय सम्बन्धी जोखिम न्यूनीकरण तथा प्रतिकार्य कार्ययोजना, २०८१
(द) विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१
(ध) विपदबाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान मापदण्ड, २०८१
(न) आपत्कालीन गोदामघर सञ्चालन कार्यविधि, २०८१
(ऩ) विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१ (प्रथम संशोधन)
(प) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा साझेदार संस्था परिचालन कार्यविधि, २०८१
(फ) अत्यधिक गर्मी वा तातो हावाको लहरका लागि पूर्वतयारी, पूर्वकार्य तथा शीघ्र प्रतिकार्य योजना, २०८२

(ब) मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२

**मधेश प्रदेश**

(क) प्रदेश नं. २ विपद् व्यवस्थापन ऐन, २०७५

(ख) प्रदेश आकस्मिक कोष सञ्चालन ऐन, २०७५

(ग) पीडित व्यक्तिलाई आर्थिक सहायता उपलब्ध गराउने निर्देशिका, २०७७

(घ) मधेश प्रदेश - मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७८

**परोहा नगरपालिका**

(क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

(ख) स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको विधेयक, २०८०

(ग) स्थानीय विपद् व्यवस्थापन कोष (सञ्चलान) कार्यविधि, २०८०

## १.३ कार्यढाँचाको उद्देश्य

(क) प्रकोप, सम्मुखता, सङ्कटासन्नता, क्षमता र जोखिम सम्बन्धी बुझाई अभिवृद्धि गर्ने।

(ख) विपद् तथा जलवायु उत्थानशील योजनाहरू आवधिक र वार्षिक कार्यक्रम तथा बजेटमा मूलप्रवाहीकरण गर्ने।

# परिच्छेद २ - विपद् जोखिमको बुझाई

## २.१ परोहा नगरपालिकाको सामान्य विवरण

### २.१.१ भौतिक अवस्था

#### (क) भौगोलिक (Geographical) र भू-आकृति (Topographical) को अवस्था

परोहा नगरपालिका नेपालको मधेश प्रदेश अन्तर्गत रौतहट जिल्लामा पर्दछ। यस नगरपालिकाको पूर्वमा यमुनामाई नगरपालिका, दुर्गा भगवती नगरपालिका, माधव नारायण नगरपालिका, पश्चिममा भारत, उत्तरमा बौधीमाई र देवाही गोनाही नगरपालिका तथा दक्षिणमा राजपुर र इशनाथ नगरपालिका पर्दछन्। नौ वटा वडाहरू रहेको यो नगरपालिका ३७.४४ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ। लाल बकैया नदी यस नगरपालिकाको पूर्वी भू-भाग भएर बग्छ। नगरपालिकाको सम्पूर्ण भू-भाग समथर तराई क्षेत्रमा फैलिएको छ। भौगोलिक दृष्टिकोणबाट हेर्दा यस नगरपालिका समुद्र सतह देखि करिब ८० मिटर उचाईमा अवस्थित छ। यससँग सम्बन्धित नक्सा **चित्र नं. १** मा राखिएको छ।

#### (ख) भौगर्भिक (Geological) अवस्था

यस नगरपालिकाको भौगर्भिक संरचना मुख्यतः चतुर्थ-हाल (Quaternary-Recent) कालीन जमिनमा आधारित छ। यस क्षेत्रको जमिन मुख्यतः अलुभियल (Alluvial) निक्षेपहरू - बालुवा, माटो तथा सिल्ट मिलेर बनेको छ। यससँग सम्बन्धित नक्सा **चित्र नं. २** मा राखिएको छ।

#### (ग) भू-उपयोग (Land Use) परिवर्तनको अवस्था

मानवीय क्रियाकलापहरू लगायत जलवायु परिवर्तनको कारण स्थानीय तहमा भू-उपयोगको अवस्थामा परिवर्तन आएको छ। तथ्याङ्कलाई हेर्दा जल श्रोत, वन, आवासीय, कृषि, घाँसे मैदान र अन्य जङ्गली क्षेत्रले ओगटेको क्षेत्रफल बढेको छ भने नदी किनारको जमिन घटेको छ। यससँग सम्बन्धित नक्सा **अनुसूची १ र २** मा राखिएको छ।

**परोहा नगरपालिका भू-उपयोग परिवर्तन**

| भू-उपयोगको प्रकार | साल २०११ (सन्) | | साल २०२२ (सन्) | | परिवर्तन (%) |
|---|---|---|---|---|---|
| | क्षेत्रफल (वर्ग कि.मि.) | % | क्षेत्रफल (वर्ग कि.मि.) | % | |
| जल श्रोत | ०.००९ | ०.०३ | ०.०१६ | ०.०४ | ०.०२ |
| वन | ० | ० | ० | ० | ० |
| नदी किनार | १.८२ | ४.८६ | ०.४५९ | १.२३ | -३.६३ |
| आवासीय | ०.०३७ | ०.१ | ०.६५३ | १.७४ | १.६४ |
| कृषि | ३५.५६८ | ९४.९८ | ३५.९२७ | ९६.०१ | १.०३ |
| घाँसे मैदान | ०.०१५ | ०.०४ | ०.३५ | ०.९४ | ०.९० |
| अन्य जङ्गली भूमि | ० | ० | ०.०१७ | ०.०५ | ०.०५ |

स्रोतः ICIMOD

#### (घ) मौसम (वर्षा र तापक्रम) तथा जलवायु परिवर्तनको अवस्था

परोहा नगरपालिकाको वार्षिक औसत अधिकतम तापक्रम .... डिग्री सेल्सियस र न्यूनतम तापक्रम ...... डिग्री सेल्सियस रहेको छ। त्यसैगरी, यस नगरपालिकाको वार्षिक औसत वर्षा ......... मि.मि. रहेको छ। विश्वव्यापी रूपमा भैरहेको जलवायु परिवर्तनको असर यस नगरपालिकामा पनि देखिएको छ। यससँग सम्बन्धित नक्सा **अनुसूची ३ र ४** मा राखिएको छ।




चित्र नं. १. परोहा नगरपालिकाको भू-आकृति नक्सा




चित्र नं. २. परोहा नगरपालिकाको भौगर्भिक नक्सा

### २.१.२ सामाजिक अवस्था

#### (क) जनसंख्या तथा घरपरिवारको विवरण

तालिका १. वडा अनुसार घरधुरी र जनसंख्या

| वडा नं. | घरधुरी संख्या | जनसंख्या | | | औसत परिवार संख्या | अपाङ्गता भएका व्यक्तिको संख्या | | |
|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरूष | महिला | | जम्मा | पुरूष | महिला |
| १ | ४७३ | ३,६०३ | १,६८३ | १,९२० | ७.६२ | ४७ | २७ | २० |
| २ | ५५८ | ३,९०८ | १,७८० | २,१२८ | ७.०० | ५० | २१ | २९ |
| ३ | १,०६७ | ६,६१३ | ३,२८५ | ३,३२८ | ६.२० | ६१ | ३२ | २९ |
| ४ | ९१४ | ५,६१५ | २,७८७ | २,८२८ | ६.१४ | १०६ | ६१ | ४५ |
| ५ | ५६७ | ३,८४० | १,९१३ | १,९२७ | ६.७७ | २८ | १६ | १२ |
| ६ | ९५० | ६,०५७ | ३,१३० | २,९२७ | ६.३८ | ६२ | ३८ | २४ |
| ७ | ७०६ | ४,६१० | २,३४४ | २,२६६ | ६.५३ | ३४ | १६ | १८ |
| ८ | ८९० | ५,३४४ | २,७५८ | २,५८६ | ६.०० | ९२ | ५९ | ३३ |
| ९ | ८९९ | ६,११२ | ३,०२८ | ३,०८४ | ६.८० | १३१ | ७० | ६१ |
| जम्मा | ७,०२४ | ४५,७०२ | २२,७०८ | २२,९९४ | ६.६० | ६११ | ३४० | २७१ |

तालिका २. जातजाति अनुसारको जनसंख्या

| जातजाति | जम्मा (%) | पुरुष (%) | महिला (%) |
|---|---|---|---|
| मुसलमान | ४२.२ | ४०.५ | ४३.८ |
| कुर्मी | १४.० | १४.६ | १३.४ |
| यादव | ६.० | ६.१ | ५.९ |
| तेली | ४.६ | ४.८ | ४.४ |
| नुनीया | ३.९ | ४.१ | ३.६ |
| चमार/हरिजन/राम | २.९ | ३.१ | ३.० |
| कलवार | २.९ | २.९ | २.८ |
| कुम्हार | २.४ | २.४ | २.३ |
| दुसाध/पासवान/पासी | २.३ | २.४ | २.३ |
| कानु | २.२ | २.३ | २.१ |

तालिका ३. उमेर समूह अनुसारको जनसंख्या

| वडा नं. | जनसंख्या | ४ वर्षभन्दा मुनी | | ५-१४ उमेर समूह | | १५-१९ उमेर समूह | | २०-५९ उमेर समूह | | ६० वर्षभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| १ | ३,६०३ | २८५ | ३०१ | ५०८ | ५२० | २१३ | १५१ | ७८६ | ५७५ | १२८ | १३६ |
| २ | ३,९०८ | ३२२ | ३१० | ५६६ | ५२२ | २२८ | १८० | ८७५ | ६४५ | १३७ | १२३ |
| ३ | ६,६१३ | ४५७ | ४३१ | ८८१ | ८७८ | २९९ | ३७१ | १,४०९ | १,३४१ | २८२ | २६४ |
| ४ | ५,६१५ | ३४२ | ३७१ | ७८३ | ७४६ | ३०६ | ३२१ | १,१९० | १,१२८ | २०७ | २२१ |
| ५ | ३,८४० | २९१ | २४१ | ५६२ | ६०३ | १८९ | १८९ | ७३४ | ७४० | १५१ | १४० |
| ६ | ६,०५७ | ३३१ | ३८७ | ७२२ | ७९४ | २८१ | २८८ | १,३३० | १,३८१ | २६३ | २८० |
| ७ | ४,६१० | २५१ | ३०४ | ६११ | ६२२ | २६४ | २८६ | ९४० | ९२२ | २०० | २१० |
| ८ | ५,३४४ | ३०३ | ३२२ | ७०० | ७५५ | २५५ | ३०५ | १,०९० | १,१४६ | २३८ | २३० |
| ९ | ६,११२ | ४०९ | ४३६ | ८३१ | ८६९ | ३१२ | ३२५ | १,२८४ | १,१३९ | २४८ | २५९ |
| जम्मा | ४५७०२ | २,९९१ | ३,१०३ | ६,१६४ | ६,३०९ | २,३४७ | २,४१६ | ९,६३८ | ९,०१७ | १,८५४ | १,८६३ |

तालिका ४. अपाङ्गताको प्रकृति अनुसार जनसंख्या

| वर्ग | जम्मा (संख्या) | जम्मा (%) | पुरुष (%) | महिला (%) |
|---|---|---|---|---|
| शारीरिक | २५३ | ४१.४ | ४३.२ | ३९.१ |
| न्यून दृष्टियुक्त | ५७ | ९.३ | ९.७ | ८.९ |
| दृष्टिविहिन | ८२ | १३.४ | १०.३ | १७.३ |
| बहिरोपन | ३६ | ५.९ | ५.६ | ६.३ |
| मनोसामाजिक अपाङ्गता | १३ | २.१ | २.१ | २.२ |
| न्यून श्रवणशक्ति | ९ | १.५ | १.८ | १.१ |
| बहिरोपन एवं दृष्टिविहीन | ६ | १.० | १.२ | ०.७ |
| स्वर र बोलाइ सम्बन्धी अपाङ्गता | ४० | ६.५ | ७.१ | ५.९ |
| बौद्धिक अपाङ्गता | १५ | २.५ | २.६ | २.२ |
| हेमोफिलिया | ८ | १.३ | १.२ | १.५ |
| अटिजम | ९ | १.५ | २.१ | ०.७ |
| बहुअपाङ्गता | ८३ | १३.६ | १३.२ | १४.० |
| **अपाङ्गता भएको जनसंख्या** | **६११** | **१.३** | **१.५** | **१.२** |

(ख) वडा तहमा जनघनत्व

| वडा नं. | जनघनत्व (प्रति वर्ग कि.मि.) | जनघनत्व (प्रति हेक्टर) |
|---|---|---|
| १ | २,७०७ | २७ |
| २ | ९३७ | ९ |
| ३ | ८१६ | ८ |
| ४ | १,८१७ | १८ |
| ५ | १,०२३ | १० |
| ६ | १,००० | १० |
| ७ | ९२८ | ९ |
| ८ | २,५५७ | २६ |
| ९ | १,५७५ | १६ |

(ग) वडा तहमा रहेका निजी भवनहरूको संख्या र प्रकार

छानोको आधारमा घरको वर्गीकरण

| वडा नं. | जम्मा | छानोको प्रकार | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | घर संख्या | जस्तापाता | ढलान | खर/पराल | टायल | ढुङ्गा | काठको | माटो | अन्य |
| १ | ४७३ | १९ | १९९ | ५१ | १९६ | ३ | ४ | ० | १ |
| २ | ५५८ | २ | २११ | १२२ | २२१ | १ | ० | ० | १ |
| ३ | १,०६७ | ५२ | २८७ | १२१ | ५८२ | २४ | ० | ० | १ |
| ४ | ९१४ | २९ | २५५ | ९४ | ५१३ | ११ | ९ | ० | ३ |
| ५ | ५६७ | २३ | ११७ | ६९ | ३५७ | १ | ० | ० | ० |
| ६ | ९५० | ९३ | ४२९ | १०० | ३१६ | २ | ५ | ० | ५ |
| ७ | ७०६ | २०४ | १३६ | ७५ | २२३ | ६७ | ० | ० | १ |
| ८ | ८९० | ५६ | २९८ | १६४ | ३७० | ० | २ | ० | ० |
| ९ | ८९९ | ५८ | ३५१ | १४९ | ३३५ | ३ | २ | ० | १ |
| **जम्मा** | **७,०२४** | **५३६** | **२,२८३** | **९४५** | **३,११३** | **११२** | **२२** | **०** | **१३** |

भित्ताको आधारमा घरको वर्गीकरण

| वडा नं. | जम्मा घर संख्या | भित्ताको प्रकार | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | माटोले जोडेको ईट्टा | सिमेन्टले जोडेको ईट्टा | काठ/ फल्याक | बाँस | काँचो माटो | जस्ताले बेरेको | तयारी सामग्रीको पत्ता | अन्य |
| १ | ४७३ | ४७ | २८१ | ४ | १४० | ० | ० | ० | १ |
| २ | ५५८ | ७५ | २८२ | १ | १९७ | १ | ० | ० | २ |
| ३ | १,०६७ | २७८ | ४२३ | ३ | ३६० | २ | ० | ० | १ |
| ४ | ९१४ | २६५ | ३४८ | २ | २८८ | ४ | ६ | ० | १ |
| ५ | ५६७ | २८९ | १४२ | २ | १३४ | ० | ० | ० | ० |
| ६ | ९५० | २२१ | ५३० | २१ | १७४ | ३ | ० | ० | १ |
| ७ | ७०६ | १३१ | २७७ | ७ | २८९ | २ | ० | ० | ० |
| ८ | ८९० | १५३ | ३६० | ४३ | ३३३ | १ | ० | ० | ० |
| ९ | ८९९ | २८३ | ३५६ | १२० | १३४ | ० | ४ | ० | २ |
| जम्मा | ७,०२४ | १,७४२ | २,९९९ | २०३ | २,०४९ | १३ | १० | ० | ८ |

### (घ) सार्वजनिक भवन तथा संरचनाहरू

नगर कार्यपालिकाको भवन, वडा कार्यालयको भवनहरू, विद्यालय, स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्र यस नगरपालिकामा रहेका सार्वजनिक संरचनाहरू हुन्।

### (ङ) सार्वजनिक सेवा सुविधा (टेलिफोन, इन्टरनेट, विद्युत, खानेपानी, आदि)

सार्वजनिक सेवामा पहुँचको आधारमा यस नगरपालिकाको पारिवारिक विवरण (% मा) तल प्रस्तुत गरिएको छ। तथ्याङ्कलाई हेर्दा ९५ प्रतिशत घरको विद्युत सेवामा पहुँच रहेको छ। त्यसैगरी, ईन्टरनेट सेवामा सबै वडाको पहुँच रहेको भएतापनि सबै भन्दा बढी पहुँच वडा नं. ७ को र त्यसपछि वडा नं. २ को रहेको छ। करिव ७३.२ प्रतिशत घरले खानेपानीको लागि ट्युवेल प्रयोग गर्छन् भने अरूले अन्य स्रोतहरू उपयोग गर्छन्। यस नगरपालिकाको ६४ प्रतिशत घरपरिवारले खाना पकाउन दाउरा र १६.३ प्रतिशतले गाईको गोवर (गुँईठा) प्रयोग गर्छन्।




चित्र नं. ३. विजुली-वत्ती बाल्न ऊर्जामा पहुँच अनुसारको पारिवारिक विवरण (% मा)




चित्र नं. ४. ईन्टरनेट सेवामा पहुँच अनुसारको पारिवारिक विवरण (% मा)




चित्र नं. ५. खाना पकाउन ईन्धनको प्रयोगको अवस्था अनुसारको पारिवारिक विवरण (% मा)




**चित्र नं. ६. खानेपानीको स्रोत अनुसारको पारिवारिक विवरण (% मा)**

## २.२ प्रकोप, सम्मुखता, संकटासन्नता, क्षमता र जोखिम विश्लेषण

### २.२.१ प्रकोप विश्लेषण र लक्षित प्रकोप निर्धारण

**(क) ऐतिहासिक प्रकोप तथ्याङ्क सङ्कलन**

विगत ३० वर्षको विपदजन्य घटनाहरूमा कुन कुन प्रकोपहरूको बारम्बारता, तीव्रता र त्यसले प्रभावित गरेको स्थानहरू तलको तालिकामा विश्लेषण गरिएको छ।

| क्र.सं. | ऐतिहासिक घटना | वर्ष | भौगोलिक स्थान | क्षेत्रफल | अधिकतम तीव्रता | आवृत्ति वा मात्रा | अवधि | उत्पत्तिको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | **वडा नं. १** | | | | |
| १. | भूकम्प | २०७२ | जिंगडावा बेल्बिछवा | वडा भरी | ५.८ रेक्टर स्केल | १० पटक | ४५ सेकेन्ड | प्राकृतिक |
| २. | बाढी | २०७४ भदौ | | १२० बिघा | | ३ पटक | ५ दिन | लाल बकैया नदीबाट उत्पन्न बाढी र अनियन्त्रित ढल निकाश |
| | | २०५० | | १०० बिघा | | ५ पटक | ५ दिन | |
| | | २०८१ भदौ | | १०५ बिघा | | ३ पटक | ६ दिन | |
| ३. | आगलागी | २०७२ चैत्र | | ७ घर | | ४ पटक | १५ मिनेट | घुरबाट उत्पन्न |
| | | २०७४ मंसिर | | १ घर | | ३ पटक | ५ मिनेट | बिजुली सर्ट |
| | | २०७६ | | १ घर | | २ पटक | ५ मिनेट | |
| | | २०८१ मंसिर | | १ घर | | १ पटक | ५ मिनेट | |
| ४. | शीत लहर | प्रत्येक वर्ष | | वडा भरी | | | २ महिना (पुष र माघ) | |
| ५. | सडक दुर्घटना | हरेक वर्ष | | | | १० पटक | वर्ष भरी | |
| ६. | हुरी बतास | २०७६ फाल्गुन र चैत्र महिना | | वडा भरी | | ७ पटक | १ घण्टा | |
| ७. | असिना | २०७५ जेष्ठ | | वडा भरी | | ५ पटक | ३५ मिनेट | |
| ८. | जनावर आतङ्क | प्रत्येक वर्ष | | १०५ बिघा | | १०० वटा निलगाई | दिनहुँ | घोडगधा, निलगाई |
| | | | | **वडा नं. २** | | | | |
| १. | भूकम्प | २०७२ वैशाख | जिंगडावा बेल्बिछवा | वडा भरी | ७.३ रेक्टर | १० पटक | ४५ सेकेन्ड | प्राकृतिक |
| २. | बाढी | २०५० श्रावण | | ६० बिघा | २ फिट | ५ पटक | ५ दिन | लाल बकैया नदीबाट उत्पन्न बाढी र अनियन्त्रित ढल निकाश |
| | | २०७२ श्रावण | | ६५ बिघा | २ फिट | ३ पटक | ५ दिन | |
| | | २०७५ श्रावण | | ६५ बिघा | १-२ फिट | ४ पटक | ६ दिन | |
| | | २०८१ भदौ | | ८० बिघा | १-२ फिट | ३ पटक | ५ दिन | |
| ३. | आगलागी | २०६१ चैत्र | | २ घर | | १ पटक | १५ मिनेट | कृतिम |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७२ चैत्र | | १ घर | | १ पटक | ५ मिनेट | विद्युत सर्किट |
| | | २०८० जेष्ठ | | १ घर | | १ पटक | ५ मिनेट | कृतिम |
| | | प्रत्येक वर्ष | | ३ घर | | १-३ पटक | ५ मिनेट | कृतिम |
| ४. | हुरी बतास | २०६५ चैत्र | | वडा भरी | | ५ पटक | २ महिना सम्म | प्राकृतिक |
| | | २०७१ चैत्र | | वडा भरी | | ३ पटक | २ महिना सम्म | प्राकृतिक |
| | | २०७६ चैत्र | | वडा भरी | | ४ पटक | २ महिना सम्म | प्राकृतिक |
| | | २०७८ चैत्र | | वडा भरी | | ३ पटक | २ महिना सम्म | प्राकृतिक |
| ५. | शीत लहर | प्रत्येक साल पुष महिनामा | | वडा भरी | | | वर्ष भरी | कृतिम |
| ६. | जनावर आतङ्क | प्रत्येक वर्ष | | कृषियोग्य जमिन | | १०० वटा निलगाई | दिनहुँ | बंदेल, निलगाई जस्ता जङ्गली जनावर |
| ७. | खडेरी | २०७६ | | १०० बिघा | | | ३-४ महिना सम्म | प्राकृतिक |
| | | प्रत्येक वर्ष | | १०० बिघा | | | ३-४ महिना सम्म | प्राकृतिक |
| ८. | सडक दुर्घटना | हरेक वर्ष | | बाटो भरी | | १०-१५ पटक | | कृतिम |
| ९. | सर्पदंश | २०७१ जेष्ठ | | वडा भरी | | | | |
| | | प्रत्येक वर्ष | | वडा भरी | | | | |
| **वडा नं. ३** | | | | | | | | |
| १. | भूकम्प | २०७२ वैशाख | वडा नं. ३ तेजापाकड | वडा भरी | ७.३ रेक्टर | १० पटक | ४५ सेकेन्ड | प्राकृतिक |
| २. | बाढी | २०७४ श्रावण | | १५० बिघा | २ फिट | ५ पटक | ५ दिन सम्म | लाल बकैया नदीको बाँध भासिएर, राम्रो पानीको निकाश नभएर |
| | | २०७६ श्रावण | | ४०० बिघा | २ फिट | ३ पटक | ५ दिन सम्म | |
| | | २०८१ आश्विन | | २५० बिघा | १-२ फिट | ४ पटक | ५ दिन सम्म | |
| ३. | आगलागी | २०५२ जेष्ठ | | ५० बिघा | | १ पटक | १० मिनेट | बच्चाको लापरवाही |
| | | २०७६ जेष्ठ | | १ बिघा | | २ पटक | १५ मिनेट | घुरबाट उत्पन्न |
| | | हरेक वर्ष | | १ बिघा | | १ पटक | १० मिनेट | घुरबाट उत्पन्न |
| ४. | हुरी बतास | २०६७ वैशाख र जेठ | | वडा भरी | | १ पटक | ३५ मिनेट | प्राकृतिक |
| | | २०७७ जेठ | | | | २ पटक | ३५ मिनेट | प्राकृतिक |
| | | हरेक वर्ष | | | | १ पटक | ४५ मिनेट | प्राकृतिक |
| ५. | शीत लहर | प्रत्येक साल | | वडा भरी | | | २ महिना (पुष र माघ) | प्राकृतिक |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६. | जनावर आतङ्क | प्रत्येक वर्ष | | वडा भरी | | ५० वटा घोडगधा र निलगाई | वर्ष भरी | प्राकृतिक |
| ७. | खडेरी | प्रत्येक वर्ष | | वडा भरी | | १५-२० दिन | ३ महिना | प्राकृतिक |
| ८. | चटयाङ | २०६३ श्रावण | | वडा भरी | | ३ पटक | ३ महिना | प्राकृतिक |
| ९. | सर्पदंश | २०७२ भदौ | | वडा भरी | | ४ पटक | ३ महिना | झाडी, फोहोर पानी जम्ने ठाउँ |
| | | २०७४ श्रावण | | | | ३ पटक | | |
| १०. | सडक दुर्घटना | २०७६ | | वडा भरी | ८० कि.मि. प्रति घण्टा | ४ पटक | वर्ष भरी | मानवीय गल्ती |
| | | २०८१ | | | | ३ पटक | | |
| ११. | असिना | २०५८ | | वडा भरी | | ४ पटक | वर्षायाम भरि | प्राकृतिक |
| | | | | **वडा नं. ४** | | | | |
| १. | भूकम्प | २०७२ वैशाख | वडा नं. ४ को लौकाहा | वडा भरी | ५.९ रेक्टर | १० पटक | ४५ सेकेन्ड | प्राकृतिक |
| २. | बाढी | २०५० श्रावण | | वडा भरी | २ फिट | ५ पटक | ५ दिन सम्म | वर्षा |
| | | २०७३ श्रावण | | ८०० बिघा | २ फिट | ३ पटक | ७ दिन सम्म | |
| | | २०७५ आषाढ | | ७०० बिघा | १-२ फिट | ४ पटक | ५ दिन सम्म | |
| | | २०८१ भदौ | | वडा भरी | १-२ फिट | १ पटक | ७ दिन सम्म | |
| ३. | हुरी बतास | २०७७ चैत्र | | वडा भरी | | २ पटक | १ घण्टा | प्राकृतिक |
| | | २०८१ भदौ | | वडा भरी | | १ पटक | ३५ मिनेट | |
| ४. | असिना | २०४५ | | वडा भरी | | ३ पटक | २५ मिनेट | प्राकृतिक |
| ५. | चटयाङ | २०६० | | वडा भरी | | २ पटक | १५ मिनेट | प्राकृतिक |
| | | २०८१ भदौ | | वडा भरी | | १ पटक | १० मिनेट | |
| ६. | शीत लहर | २०७६ | | वडा भरी | | | ३ महिना सम्म | प्राकृतिक |
| | | प्रत्येक वर्ष पुष महिनामा | | वडा भरी | | | ३ महिना सम्म | |
| ७. | आगलागी | २०६५ | | १० कट्ठा | | ३ पटक | ५ मिनेट सम्म | घुरबाट उत्पन्न |
| | | २०७१ | | ७ धुर | | २ पटक | ५ मिनेट सम्म | चुल्होबाट उत्पन्न गोइठाको आगोले |
| | | २०७४ | | १५ धुर | | १ पटक | ५ मिनेट सम्म | घुरबाट उत्पन्न |
| | | २०७७ | | १० धुर | | २ पटक | ७ मिनेट सम्म | बच्चाको लापरवाही |
| ८. | सडक दुर्घटना | २०७४ | | हुलाकी सडक भरि | | ४ पटक | | तिव्र गतिमा सवारी |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१ जेष्ठ १३ | | हुलाकी सडक भरि | | ३-१० पटक | | |
| ९. | खडेरी | २०७८ साल देखि | | ६५० बिघा | | | २ महिना सम्म | सुक्खापन र गर्मीले गर्दा |
| १०. | जनावर आतङ्क | प्रत्येक वर्ष | | ६०० बिघा | | ५० वटा घोडगधा र निलगाई | वर्ष भरी | जंगली जनावर, निलगाई, घोडगधा |
| **वडा नं. ५** | | | | | | | | |
| १. | भूकम्प | २०७२ वैशाख | वडा नं. ५ | वडा भरी | ५.९ रेक्टर स्केल | १० पटक | ४५ सेकेन्ड | प्राकृतिक |
| २. | बाढी | २०७४ अषाढ | | ३५० बिघा | २ फिट | ५ पटक | ५ दिन सम्म | लाल बकैया नदीबाट उत्पन्न बाढी र अनियन्त्रित नाला |
| | | २०७५ श्रावण | | ३६० बिघा | २ फिट | ३ पटक | ६ दिन सम्म | |
| | | २०७६ अषाढ | | ३००बिघा | १-२ फिट | ४ पटक | ५ दिन सम्म | |
| ३. | हुरी बतास | २०७५ जेष्ठ | | वडा भरी | | ५ पटक | ४५ मिनेट | प्राकृतिक |
| | | २०७६ जेष्ठ | | वडा भरी | | २ पटक | १ घण्टा | |
| ६. | शीत लहर | २०७० देखि हरेक वर्ष | | वडा भरी | | | पुष र माघ महिना सम्म | जाडोयाम |
| ७. | आगलागी | २०७४ वैशाख | | १,५०० वर्ग मि. | | १ पटक | १० मिनेट | घुरबाट उत्पन्न |
| | | २०७५ कार्तिक | | २८०० वर्ग मि. | | २ पटक | १२ मिनेट | चुल्होबाट उत्पन्न गोइठाको आगोले |
| | | २०७७ जेष्ठ | | १४२० वर्ग मि. | | १ पटक | ८ मिनेट | घुरबाट उत्पन्न |
| ८. | खडेरी | प्रत्येक वर्ष | | ५०० बिघा | | | ३ महिना सम्म | प्राकृतिक |
| ९. | जनवार आतङ्क | २०७६ साल देखि | | ६०० बिघा | | ५० वटा घोडगधा र निलगाई | ३ महिना सम्म | निलगाई र घोडगधा |
| १०. | सडक दुर्घटना | २०७६ | | सडक छेउछाउ | | ३ पटक | वर्ष भरी | मानवीय गल्ती, बाटो राम्रो नभएको |
| | | हरेक वर्ष | | सडक छेउछाउ | | ३-१० पटक | वर्ष भरी | |
| **वडा नं. ६** | | | | | | | | |
| १. | भूकम्प | २०७२ वैशाख | परोहा न.पा. ६, बसन्तपटी | वडा भरी | ५.९ रेक्टर स्केल | १० पटक | ४५ सेकेन्ड | प्राकृतिक |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २. | बाढी | २०५० अषाढ | | १,००० बिघा | २ फिट | ५ पटक | ५ दिन सम्म | लाल बकैया नदीबाट उत्पन्न बाढी र अनियन्त्रित ढल निकाश |
| | | २०७५ अषाढ | | ७५० बिघा | २ फिट | ३ पटक | ५ दिन सम्म | |
| | | २०८१ आश्विन | | १०० बिघा | १-२ फिट | ४ पटक | ५ दिन सम्म | |
| ३. | हुरी बतास | २०४३ | | वडा भरी | | ५ पटक | १ घण्टा | प्राकृतिक |
| | | २०७७ जेष्ठ | | वडा भरी | | २ पटक | ०.४५ घण्टा | |
| | | हरेक वर्ष | | वडा भरी | | ५-७ पटक | १ घण्टा | |
| ४. | असिना | २०७६ | | वडा भरी | | १ पटक | ३० मिनेट | प्राकृतिक |
| | | २०८१ वैशाख | | वडा भरी | | २ पटक | २० मिनेट | |
| ५. | चटयाङ | २०४५ | | | | १ पटक | | प्राकृतिक |
| | | २०८१ चैत्र | | | | २-५ पटक | | |
| ६. | शीत लहर | २०७६ पुष र माघ | | वडा भरी | | | पुस र माघ महिना सम्म | प्राकृतिक |
| | | २०८१ | | वडा भरी | | | पुस र माघ महिना सम्म | |
| | | प्रत्येक साल पुष महिनामा | | वडा भरी | | | पुस र माघ महिना सम्म | |
| ७. | आगलागी | २०४३ | | १ घर | | ४ पटक | १५ मिनेट | घुरबाट उत्पन्न |
| | | २०७५ | | २ घर | | ५ पटक | १० मिनेट | चुल्होबाट उत्पन्न गोइठाको आगोले |
| | | २०८१ | | १ घर | | २ पटक | ५ मिनेट | घुरबाट उत्पन्न |
| | | प्रत्येक वर्ष | | ३ घर | | ५-७ पटक | १५ मिनेट | बच्चाको लापरवाही |
| ८. | खडेरी | प्रत्येक वर्ष | | २०० बिघा | | | ३ महिना सम्म | प्राकृतिक |
| ९. | जनवार आतङ्क | २०७६ साल देखि | | ५०० बिघा | | ५० वटा घोडगधा र निलगाई | वर्ष भरी | निलगाई र घोडगधा |
| १०. | सडक दुर्घटना | २०७६ | | हुलाकी राजमार्ग | | ३ पटक | वर्ष भरी | मानवीय गल्ती, बाटो राम्रो नभएको |
| | | हरेक वर्ष | | हुलाकी राजमार्ग | | ३-१० पटक | वर्ष भरी | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **वडा नं. ७** | | | | | | | | |
| १. | भूकम्प | २०७२ वैशाख | वडा नं. ७ नरकटिया | वडा भरी | ५.९ रेक्टर स्केल | १० पटक | ४५ सेचेन्ड्स | प्राकृतिक |
| २. | बाढी | २०७४ अषाढ | | ७० बिघा | २ फिट | ५ पटक | ५ दिन सम्म | अनियमित वर्षा, लाल बकैया नदीबाट उत्पन्न बाढी |
| | | २०७५ अषाढ | | ५० बिघा | २ फिट | ३ पटक | ७ दिन सम्म | |
| | | २०७६ अषाढ | | ३५ बिघा | १-२ फिट | ४ पटक | ५ दिन सम्म | |
| | | २०८१ भदौ | | ४० बिघा | | ५ पटक | ६ दिन सम्म | |
| ३. | आगलागी | २०७० वैशाख | | ५ कट्ठा | | २ पटक | १० मिनेट | घुर र बालबालिकाको लापरवाही |
| | | २०७२ आषाढ | | ५ कट्ठा | | १ पटक | १५ मिनेट | चुल्होबाट उत्पन्न गोइठाको आगोले |
| | | २०७२ माघ | | ७ कट्ठा | | १ पटक | २५ मिनेट | घुरबाट उत्पन्न |
| | | २०८१ फाल्गुन | | २ कट्ठा | | २ पटक | १५ मिनेट | बच्चाको लापरवाही |
| ५. | सर्पदंश | २०७६ भदौ | | | | १ पटक | गर्मि याममा | प्राकृतिक |
| ६. | शीत लहर | २०७४ पुष | | वडा भरी | | | ३ महिना | चिसोयामले |
| ७. | खडेरी | २०७२ | | ५०० बिघा | | | ३ महिना | तातो हावा र गर्मीको कारण |
| | | प्रत्येक वर्ष | | ५०० बिघा | | | | |
| ८. | जनवार आतङ्क | २०७६ साल देखि | | ४५० बिघा | | | वर्ष भरी | निलगाई र घोडगधा |
| **वडा नं. ८** | | | | | | | | |
| १. | भूकम्प | २०७२ वैशाख | वडा नं. ८ नरकटिया | वडा भरी | ६.५ रेक्टर | १० पटक | ४०-४५ सेकेन्ड | प्राकृतिक |
| २. | बाढी | २०७० अषाढ | | ८०० बिघा | २ फिट | ५ पटक | ३-७ दिन सम्म | लाल बकैया नदीबाट उत्पन्न बाढी |
| | | २०७४ | | १८० बिघा | २ फिट | ३ पटक | ३-७ दिन सम्म | |
| | | २०७६ अषाढ | | १४० बिघा | १-२ फिट | ४ पटक | ३-७ दिन सम्म | |
| | | २०८१ भाद्र | | १४० बिघा | | ५ पटक | ३-७ दिन सम्म | |
| ३. | आगलागी | २०८० | | २ घर (५ कट्ठा) | | २ पटक | १० मिनेट | विद्युत सर्किट, बच्चाहरूको लापरवाही, गोठमा बलेको अनियन्त्रित घुर |
| ४. | सर्पदंश | २०७० भदौ | | वडा भरी | | ५-७ पटक | | प्राकृतिक |
| ५. | शीत लहर | २०७० पुष | | वडा भरी | | १ पटक | ३ महिना सम्म | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७४ पुष | | वडा भरी | | २ पटक | ३ महिना सम्म | चिसोयामले, लत्ताकपडाको अभाव, गरिबीका कारण |
| | | २०७६ पुष | | वडा भरी | | १ पटक | ३ महिना सम्म | |
| | | प्रत्येक वर्ष | | वडा भरी | | २-५ पटक | ३ महिना सम्म | |
| ६. | खडेरी | २०७३ श्रावण | | ५०० बिघा | | | ३ महिना सम्म | सुखापनले गर्दा |
| | | प्रत्येक वर्ष | | ५०० बिघा | | | ३ महिना सम्म | |
| ७. | जनावर आतङ्क | २०७६ साल देखि | | ५०० बिघा | | | वर्षभरि | निलगाई र घोडगधा |
| | | | | **वडा नं. ९** | | | | |
| १. | भूकम्प | २०७२ वैशाख | वडा नं. ९ बसन्तपटी | वडा भरी | ५.९ रेक्टर स्केल | १० पटक | ४५ सेकेन्ड | प्राकृतिक |
| २. | बाढी | २०७२ अषाढ | | ५० बिघा | २ फिट | ५ पटक | ३-७ दिन सम्म | लाल बकैया नदीबाट उत्पन्न बाढी, अनियन्त्रित ढल निकाश |
| | | २०७३ श्रावण | | १८० बिघा | २ फिट | ३ पटक | ३-७ दिन सम्म | |
| | | २०७४ अषाढ | | ५० बिघा | १-२ फिट | ४ पटक | ३-७ दिन सम्म | |
| ३. | हुरी बतास | २०८१ चैत्र | | ६५ घर परिवार | | ५ पटक | १ घण्टा | प्राकृतिक |
| ४. | शीत लहर | २०६२ | | वडा भरी | | २ पटक | ३ महिना सम्म | चिसो यामले |
| | | २०६५ | | वडा भरी | | | ३ महिना सम्म | |
| | | २०७४ | | वडा भरी | | १ पटक | ३ महिना सम्म | |
| | | २०७६ | | वडा भरी | | २ पटक | ३ महिना सम्म | |
| | | प्रत्येक साल पुष महिनामा | | वडा भरी | | | ३ महिना सम्म | |
| ५. | आगलागी | २०७३ चैत्र | | ४ घर (१ बिघा) | | १ पटक | १० मिनेट | घुर, बच्चाको लापरवाही |
| ६. | खडेरी | प्रत्येक वर्ष | | २०० बिघा | | | ३ महिना सम्म | प्राकृतिक |
| ७. | जनावर आतङ्क | २०७६ साल देखि | | खेतीयोग्य सबै जमिनहरूमा | | | वर्ष भरी | निलगाई र घोडगधा |
| ८. | सडक दुर्घटना | हरेक वर्ष | | वडा भरी | | ५-७ पटक | वर्ष भरी | मानवीय गल्ती |

### (ख) ऐतिहासिक प्रकोपका घटनाहरू (विगत ३० वर्षमा भएको हानिनोक्सानी)

विगत ३० वर्षमा विभिन्न विपदजन्य घटनाहरूमा यस नगरपालिकामा भएको क्षतिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

| प्रकोप (विपदजन्य घटना) | घटना संख्या | स्थान (वडाहरू) | विषयगत क्षेत्र र उपक्षेत्र | | | | | प्रभावित परिवार |
|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक क्षति | सामाजिक क्षति | आर्थिक क्षति | मानवीय क्षति | प्राकृतिक क्षति | |
| भूकम्प | १ | १-९ सम्म सबै वडाहरू | २६० घरमा सामान्य क्षति, ३ वटा मन्दिरको पर्खाल भासिएको, २ वटा विद्यालयको भित्तामा चिरा परेको | ५ दिन विद्यालय बन्द, एउटा मन्दिर आंशिक क्षति | | | | ३०० |
| बाढी | ६३ | १-९ सम्म सबै वडाहरू | ३,८५० घर डुबान, ५० वटा फुसको घर भत्केको | १८ मठ, मन्दिरमा क्षति, सडक, हुलाकी मार्ग तथा नहर र पोखरीमा क्षति | ३,५६० बिघा अन्नबाली नोक्सानी | १८ जनाको मृत्यु | १५० बोट बिरुवा नष्ट | ४,५०० |
| आगलागी | ५७ | १-९ वार्ड | ४५४ घर जलेको | खाद्यान्न र लत्ताकपडा क्षति | ५ गाई, १२ भैसी र २५ बाखा जलेको | | १० आँप र अम्बा बोट नष्ट | ५०० |
| शीत लहर | ९ | सबै वडा | | | १५० बिघा अन्नबाली नष्ट | १६ जनाको मृत्यु, ९५० जना वृद्धवृद्धा प्रभावित | १०० रुख बिरुवा | |
| सडक दुर्घटना | ६ | हुलाकी राजमार्ग सँग टाँसिएको सबै वार्डहरूमा | | | ९ जनाको मृत्यु | ३५ जना घाइते | | ५० |
| हुरी बतास | ७५ | सबै वार्डहरू | ३६५ घरको छानो र फुसको पर्खाल नष्ट | ३५ वटा बिजुलीको पोल नष्ट | रू. १५ लाख बराबरको आँप र लिची नष्ट भएको | | ८० रुख बिरुवा भाँचेको | ४०० |
| असिना | ६ | १, ३, ४, ६ वडा भरी | १,४०० घरको छानो र पर्खाल भासेको | | लत्ताकपडा, खाद्यान्न र ३०० बिघा अन्नबाली नष्ट | | १२०० बिरुवा आंशिक क्षति | १५०० |
| जनावर आतङ्क | प्रत्येक दिन | सबै वडा | | | २५६० बिघा अन्नबाली नष्ट | | २५ वटा | २०००\ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | रुख बिरुवामा आंशिक क्षति | |
| खडेरी | प्रत्येक वर्ष | १-९ वडा सम्म | १,२०० चापाकल सुक्ने | ३० बोरिंग सुक्ने | २,००० बिघा अन्नबाली नष्ट | | | | १८५० |
| सर्पदंश | ५ | २,३,४ र ८ नं वडाहरू | | | | १७ जनाको मृत्यु | | | |
| चटयाङ | ४ | ३,४,६ वडाहरू | ३ घरमा क्षति, १०० घरको बिजुली बत्ती नष्ट | १६ वटा विद्युतीय पोल खसेको | १ वटा भैसी मरेको | २ जनाको मृत्यु | | | १ |

### (ग) वडा अनुसार प्रकोप स्तरीकरण

यस नगरपालिकाको विभिन्न वडाहरूमा हानिनोक्सानी गर्न सक्ने प्रकोपहरूको वडा अनुसार स्तरीकरण गरी सारांश तलको तालिकामा प्रस्तुत गरिएको छ।

| वडा नं. | प्रकोपको स्तर | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | पहिलो | दोस्रो | तेस्रो | चौंथो | पाँचौ | छैठो | सातौं | आठौं |
| १ | भूकम्प | बाढी | जनावर आतङ्क | हुरी बतास | सडक दुर्घटना | आगलागी | शीत लहर | असिना |
| २ | भूकम्प | बाढी | आगलागी | जनावर आतङ्क | हुरी बतास | शीत लहर | खडेरी | सडक दुर्घटना |
| ३ | भूकम्प | बाढी | जनावर आतङ्क | शीत लहर | खडेरी | आगलागी | असिना | हुरी बतास |
| ४. | भूकम्प | बाढी | जनावर आतङ्क | आगलागी | शीत लहर | हुरी बतास | असिना | सडक दुर्घटना |
| ५ | भूकम्प | बाढी | आगलागी | जनावर आतङ्क | शीत लहर | हुरी बतास | खडेरी | सडक दुर्घटना |
| ६ | भूकम्प | बाढी | आगलागी | जनावर आतङ्क | शीत लहर | हुरी बतास | खडेरी | असिना |
| ७ | भूकम्प | बाढी | शीत लहर | जनावर आतङ्क | खडेरी | आगलागी | असिना | सर्पदंश |
| ८ | भूकम्प | बाढी | जनावर आतङ्क | शीत लहर | खडेरी | असिना | आगलागी | सर्पदंश |
| ९ | भूकम्प | बाढी | आगलागी | जनावर आतङ्क | शीत लहर | हुरी बतास | खडेरी | सडक दुर्घटना |

### (घ) प्रकोप पात्रो (३० वर्ष पहिले र अहिले)

विगतमा देखापरेका विभिन्न प्रकोपहरूले यस नगरपालिकालाई कुन कुन महिनामा प्रभावित गर्छ भनेर तलको तालिकामा राखिएको छ।

| प्रकोप | समय | वैशाख | जेष्ठ | असार | श्रावण | भदौ | असोज | कार्तिक | मङ्सिर | पौष | माघ | फागुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बाढी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| हुरी बतास | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| शीत लहर | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आगलागी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| खडेरी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| जनावर आतङ्क | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| सडक दुर्घटना | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| सर्पदंश | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| चटयाङ | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| असिना | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

### (ङ) मौसमी पात्रो (३० वर्ष पहिले र अहिले)

तलको तालिकामा यस नगरपालिकामा वर्षा हुने महिनाहरू र जाडो तथा गर्मी हुने महिनाहरू प्रस्तुत गरिएको छ।

| मौसम | समय | वैशाख | जेष्ठ | असार | श्रावण | भदौ | असोज | कार्तिक | मङ्सिर | पौष | माघ | फागुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मनसुन वर्षा | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| हिउँदे वर्षा | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| गर्मीयाम | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| जाडोयाम | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

### (च) बाली पात्रो (३० वर्ष पहिले र अहिले)

यस नगरपालिकामा लगाईने प्रमुख बालीहरू र ती बालीहरू लगाईने एवं भित्र्याईने महिनाहरू तलको तालिकामा देखाईएको छ।

| अन्नबाली | समय | वैशाख | जेष्ठ | असार | श्रावण | भदौ | असोज | कार्तिक | मङ्सिर | पौष | माघ | फागुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| धानको बीउ लगाउने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| धान रोप्ने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| धान काट्ने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| बिरुवाको फूल र फल लाग्ने समय | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| गहुँ छर्ने समय | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| गहुँ काट्ने समय | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

## २.२.२ सम्मुखता एवं संकटासन्नता विश्लेषण

### (क) जलवायु परिवर्तनको प्रभाव विश्लेषण

| क्र.सं. | विषयगत क्षेत्र | असर तथा प्रभाव | सम्बोधनका उपायहरू |
|---|---|---|---|
| १ | कृषि क्षेत्र तथा खाद्य सुरक्षा | ▪ उर्वराशक्ति ह्रास, कीरा लाग्ने, उत्पादन घट्ने | ▪ जलवायुमैत्री कृषि प्रविधिको प्रयोग, मलबीउको पहुँच, सिंचाई सुविधा विस्तार, कृषि बीमा, नगदे बालीमा जोड |
| २ | वन, जैविक विविधता तथा जलाधार संरक्षण (खोला, नदी, नालाले पानी प्राप्त गर्ने क्षेत्र) | ▪ सुक्खा, खडेरी<br>▪ खोला सुक्नु | ▪ पक्की ढलान कम गर्नु<br>▪ जमिनमुनि पानी छिर्ने बनाउनु |
| ३ | जल स्रोत तथा उर्जा | ▪ पानीको स्तर घट्ने, चापाकल सुक्ने<br>▪ विद्युत खपत बढ्दै जानु | ▪ वर्षाको पानी सङ्कलन, जल स्रोत संरक्षण |
| ४ | स्वास्थ्य, खानेपानी तथा सरसफाई | ▪ पानीजन्य रोगहरू, शुद्ध पानीको अभाव | ▪ सुरक्षित खानेपानी वितरण, सरसफाई पूर्वाधार विस्तार, जनचेतना अभिवृद्धि |
| ५ | ग्रामिण र सहरी बस्ती | ▪ तातो हावाको लहर बढ्दै जानु | ▪ शीतलता प्रदान गर्ने संरचनाहरू निर्माण गर्ने, तापक्रम वृद्धि गर्ने क्रियाकलापहरू कम गर्ने |

| | | | |
|---|---|---|---|
| ६ | उद्योग, यातायात तथा भौतिक पूर्वाधार | ▪ सडक कटान, पुल क्षति, यातायात अवरुद्ध | ▪ विपद् सहनशील पूर्वाधार निर्माण, मर्मत सम्भार, वैकल्पिक मार्ग विकास |
| ७ | पर्यटन, प्राकृतिक तथा संस्कृतिक सम्पदा | ▪ सम्पदा क्षति, पर्यटन गतिविधि घट्ने | ▪ सम्पदाको संरक्षण, विपद् जोखिम नक्साङ्कन |
| ८ | जीविकोपार्जन | ▪ कृषि तथा व्यापारमा असर, रोजगारी गुम्ने | ▪ सीपमूलक तालिम, विपद् पश्चात स्वरोजगार प्रवर्द्धन, वैकल्पिक जीविकोपार्जन |

**(ख) सङ्कटासन्न अवस्थामा रहेका सम्पत्तिहरू र सङ्कटासन्न हुनुका कारणहरू**

| प्रकोप | सम्मुखतामा रहेका सम्पत्तिहरू | संकटासन्न हुनुका कारण | प्रकोपले सम्मुखतामा रहेका सम्पत्तिहरूमा पार्ने प्रभाव वा असर | जोखिम न्यूनीकरणका लागि पहिचान भएका उपाय |
|---|---|---|---|---|
| भूकम्प | घर, विद्यालय, स्वास्थ्य चौकी, सरकारी कार्यालय | पुराना तथा कमजोर संरचनाहरू, निर्माणमा प्राविधिक मापदण्डको कमी | भौतिक संरचनाको क्षति, मानवीय क्षति, | भूकम्प प्रतिरोधी संरचना निर्माण, भवनको अवलोकन र सुधार, समुदायमा सचेतना। |
| बाढी | ४५ वटा घरधुरी, पशुचौपाया, जीविकोपार्जनको रुपमा प्रयोग गरिने सामग्रीहरू | आर्थिक अवस्था, सचेतनाको कमि, सामाजिक अवस्था, भूमि सम्बन्धी उचित व्यवस्था नभएकोले नदी वरपरको क्षेत्रमा बसोबास लिनुपर्ने बाध्यता | घरेलु व्यवसाय गरेर जीविकोपार्जन गर्ने समदुायको आयआर्जनमा कमी, कृषिजन्य माटोको उर्वरा शक्ति ह्रास | जनचेतना, वृक्षारोपण, पूर्वाधार विकास, जीविकोपार्जनसँग जोड्न सक्ने सीपमूलक तालिम र सिकाई। |
| आगलागी | घर, पसल, गोठ, अन्न भण्डार | बिजुली सर्ट, खाना पकाउने चुल्हो प्रयोगमा असावधानी | घरगोठ नष्ट, खाद्यान्न र लत्ताकपडा जलेर नष्ट | सचेतनामूलक कार्यक्रम, दमकलको पहुँच, आगलागी नियन्त्रण तालिम। |
| हुरी बतास | टिनका घर, अस्थायी संरचना, खेतीबाली | कमजोर र खुला संरचना | घरगोठ र बालीमा क्षति, मानवीय चोटपटक | सुदृढ घर निर्माण, चेतना कार्यक्रम। |
| शीत लहर | बालबालिका, वृद्धवृद्धा, ज्यालादारी काम गर्ने वा मजदुर | न्यानो कपडाको अभाव, कमजोर आवास | स्वास्थ्यमा समस्या, बालबालिका र वृद्धवृद्धाको मृत्यु | न्यानो कपडाको वितरण, तातो झोल र खाजाको व्यवस्था, स्वास्थ्य सचेतना। |
| जनावर आतङ्क | खेतबारी, खाद्यान्न, घरपालुवा जनावर | जंगलसँगको नजिकको बस्ती, सुरक्षित बारको अभाव | अन्नबाली नष्ट, जनावरको आक्रमण, सम्पत्ति क्षति | सुरक्षित बार, जनावर नियन्त्रण योजना। |
| सडक दुर्घटना | मानिस, सवारी साधन | अव्यवस्थित सडक, उच्च गति, ट्राफिक जनशक्ति कम | मानवीय क्षति, शारीरिक अपाङ्गता, आर्थिक भार | सडक सुरक्षाको सचेतना, ट्राफिक व्यवस्था मजबुत पार्ने, संकेत बोर्ड र गति नियन्त्रण प्रणाली। |
| खडेरी | खेतीयोग्य जमिन, सिंचाई स्रोत, खाद्य उत्पादन | वर्षा कमी, जल स्रोतको कमी, सिंचाईको अभाव | उत्पादनमा गिरावट, खाद्य संकट, आय आर्जनमा असर | वर्षाको समयमा जल सङ्कलन, सिंचाई पूर्वाधार, सुक्खा प्रतिरोधी बाली प्रवर्द्धन। |
| चटयाङ | जनावर, मानिस, बोटबिरुवा, घर | हुरी बतास, वातावरण तथा जलवायु परिवर्तन | भैसी, बाखा मर्ने, मानिसमा क्षति | Lighting insulator को व्यवस्था गर्ने। |

| | | | | |
|---|---|---|---|---|
| सर्पदंश | बस्ती नजिकका खेतीयोग्य जमिन, गोठ, खेतमा काम गर्ने मानिसहरू, बालबालिका | खेत बारी तथा झाडी क्षेत्रको नजिक बस्ती, रातको समयमा सचेतनाको अभाव, सुरक्षित बासस्थानको कमी | जनधनको क्षति, स्वास्थ्यमा गम्भीर असर, समयमै उपचार नपाउँदा मृत्युको खतरा | सर्प बारे जनचेतनामूलक कार्यक्रम, बासस्थान सरसफाइ, प्राथमिक उपचार तालिम, नजिकको स्वास्थ्य चौकीमा एन्टीभेनम उपलब्ध गराउने। |

## २.२.३ स्रोत तथा क्षमता विश्लेषण

### (क) संस्थागत सेवाको विश्लेषण

| क्र.सं. | संस्था वा कार्यालयको नाम | सेवा विवरण | सहायता प्राप्त गर्ने समयावधि | | |
|---|---|---|---|---|---|
| | | | पूर्वतयारीको समय | विपद्को समय | विपद् पश्चात |
| १ | परोहा नगरपालिकाको कार्यालय | जनचेतना जगाउने, नगरपालिका भित्र विपद् जोखिम न्यूनीकरणका कृयाकलापहरू सञ्चालन गर्ने, खोज तथा उद्धार सामग्रीहरूको व्यवस्था गरी राख्ने, नीति नियम तथा कार्यहरूको कार्यान्वयनमा सहजीकरण गर्ने, सुरक्षित आश्रय स्थल निर्माणमा सहयोग गर्ने | जनचेतना जगाउने, नगरपालिका भित्र विपद् जोखिम न्यूनीकरणका कृयाकलापहरू सञ्चालन गर्ने, खोज तथा उद्धार सामग्रीहरूको व्यवस्था गरी राख्ने, नीतिनियम तथा कार्यहरूको कार्यान्वयनमा सहजीकरण गर्ने, सुरक्षित आश्रय स्थल निर्माणमा सहयोग गर्ने, | सूचना प्रवाह गर्ने, राहत सामग्री उपलब्ध गराउने, आश्रय स्थलको व्यवस्थापन गर्ने, खोज तथा उद्धारमा सहयोग गर्ने, | खोज तथा उद्धार कार्यमा सहयोग गर्ने, राहत उपलब्ध गराउने, आश्रय स्थलमा सहयोग गर्ने, तथ्याङ्क सङ्कलनमा सहयोग गर्ने, विभिन्न सहयोगी निकायहरू सँग समन्वय गर्ने, पुनर्स्थापना र पुनर्निर्माण गर्न सहयोग गर्ने, |
| २ | वडा कार्यालय | सरकारी कामकाज, विपद सम्बन्धी तालिम, जनचेतना | जनचेतना फैलाउने, तालिम दिने | उद्धार, राहात, शान्ति सुरक्षा दिने | मूल्याङ्कन तथा राहात सहयोग |
| ३ | स्वास्थ्य चौकी | पूर्वतयारीको समयमा जनचेतना कार्यक्रम, औषधी र स्वास्थ्य सामग्रीको भण्डारण | विपद्को समयमा आवश्यक पर्ने औजार तथा औषधीहरूको भण्डारण, स्वास्थ्यसँग सम्वन्धित जनचेतनामूलक कार्यक्रम गर्ने | घाईतेहरूको सक्दो छिटो उपचारमा सहयोग पुर्याउने | उपचार हुन नसकेका घाईतेहरूलाई जिल्ला अस्पतालहरूमा पठाउने |
| ४. | मठ मन्दिर तथा मस्जिदहरू | पूर्वतयारीको समयमा समुदायमा चेतनामूलक सन्देश प्रवाह | सामग्री भण्डारणमा सहयोग गर्ने | आश्रय स्थलको लागि जग्गा | आश्रय स्थलको लागि जग्गा उपलब्ध गर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | उपलब्ध गराउने | |
| ५ | प्रहरी कार्यालय | पूर्वतयारीको समयमा जोखिम क्षेत्रको पहिचान, उद्धार र राहत तालिम, जनचेतना कार्यक्रम | घटनाहरूको लागि तयारी, कृतिम अभ्यासहरू गर्ने | खोज तथा उद्धार कार्य गर्ने, | राहत वितरण र आश्रय स्थलमा सहयोग तथा शान्ति सुरक्षा दिने |
